**Patan Pragya** *(Volume: 11, Number: 2, 2022)* *ISSN 2594-3278*

Received Date: Oct. 2022 Revised: Nov.2022 Accepted: Dec. 2022

*Doi-https://doi.org/10.3126/pragya.v11i02.52182*

# समकालीन नेपाली कथामा पहिचानको स्वर

**डा. शोभाकुमारी ढुङ्गाना***

**लेखसार**

*प्रस्तुत शोध लेख 'समकालीन कथामा पहिचानको स्वर' शीर्षकमा केन्द्रित रहेको छ । संस्कृतिसँग सम्बन्धित रहेको यस अध्ययनले जातीय क्षेत्रीय, लैङ्गिक पहिचानको खोजी गर्दछ । स्टुआर्ट हलको पहिचानसम्बन्धी मान्यतामा आधारित भएर भवानी क्षेत्रीको 'उजेली' र राममणि पोखरेलको 'सजाय' कथामा लैङ्गिक र ललित विष्टको 'नैरामे' कथामा जातीय पहिचानको स्वर के कसरी अभिव्यञ्जित भएको छ भनी अध्ययन गरिएको छ । 'उजेली' कथामा विवाह नगरी बच्चा जन्माउँदा नारीलाई मात्र दोषी ठानेर अनेक लान्छना लगाउने सामाजिक परम्परा र संस्कृतिको प्रतिरोध गरिएको छ । कथामा नारी अस्तित्व र पहिचानका लागि बच्चाको प्रथम हक आमाको हुनुपर्छ र आमाकै नाममा नागरिकता बन्नुपर्छ भन्ने उद्घोष गरिएको छ । 'सजाय' कथामा राज्यको उच्चपदमा पुगेका महिलाहरू नै पथभ्रष्ट भई अपराधीलाई संरक्षण गर्ने, शक्तिशाली पुरुष नेतासँग अनैतिक सम्बन्ध गाँस्ने आलोचना गर्ने सहयात्री महिलाहरूलाई अवसरबाट वञ्चित गरी सङ्गठनबाट निक्लन बाध्य बनाएका कारण स्वाभिमानी महिलाहरूले आफूले काम गरेको सङ्गठन छाडेर नयाँ पहिचानको खोवी गरिको कुरा कथामा प्रस्तुत गरिएको छ । विष्टको 'नैरामे' कथामा दलित जातिको प्रतिनिधित्व भएको छ । दलित भएकै कारण जातीय विभेद र असमानताको अन्त्यका लागि सशस्त्र द्वन्द्वमा सामेल भएपछि नैरामे भुलबाट नेता नयाँराम भुल भएको तर द्वन्द्वको अन्त्य भएपछि सत्तामा पुगेकाहरूले नैरामेजस्ता सीमान्तीकृत दलितहरूलाई बिर्सेका हुनाले फेरि नयाँराम भुलबाट नैरामे बन्न पुगेर पहिचान वीहिन भएको समकालीन यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । नेपाली समाज र राजनीतिमा नैतिकता, इमान्दारिता स्खलित हुँदै गएको र अहिले पनि लैङ्गिक र जातीय विभेद यथावत् रहेको हुनाले नयाँ पहिचानको स्वर मुखरित बन्दै गएको, निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी**

जातीय क्षेत्रीय, लैङ्गिक, सीमान्तीकृत, प्रतिनिधित्त्व

## १. विषयपरिचय

प्रस्तुत अध्ययन 'समकालीन नेपाली कथामा पहिचानको स्वर' शीर्षकमा केन्द्रित छ । यस शोध लेखमा समकालीन नेपाली कथाहरूमध्ये भवानी क्षेत्रीको 'उजेली', राममणि पोखरेलको 'सजाय' र ललित विष्टको 'नैरामे' कथामा पहिचानको स्वर के कसरी अभिव्यञ्जित भएको छ भनी अध्ययन गरिएको छ ।

भवानी क्षेत्री (२०१७) पितृसत्तात्मक समाजमा नारीहरूले भोग्नु परेका शोषण, उत्पीडन, बलात्कार, हत्या, हिंसा तथा अन्याय र अत्याचारको विरोध गरेर कथा लेख्ने नारी कथाकार हुन् । उनको 'उजेली'“उजेलीहरू”(२०६०) कथासङ्ग्रहमा सङ्कलित कथा हो । नेपाली समाजका विविध पाटाहरूलाई केलाएर कथा लेख्ने राममणि पोखरेलका १८ कथासङ्ग्रह प्रकाशित छन् । उनको 'सजाय'जीवनका पाइला (२०७७) कथासङ्ग्रहमा प्रकाशित नारी पहिचानको स्वर अभिव्यञ्जित कथा हो । ललित विष्ट मूलत: द्वन्द्वकालीन समयका घटना र त्यसले पारेका प्रभावका बारेमा केन्द्रित भएर लेख्ने कथाकार हुन् । उनको 'नैरामे' मोहपथ कथासङ्ग्रह (२०७६) मा प्रकाशित कथा हो । यसमा जातीय पहिचानको स्वरलाई अभिव्यक्त गरिएको पाइन्छ । यिनै तिन कथामा पहिचान र प्रतिरोधको स्वर कसरी अभिव्यञ्जित भएको छ भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित भएर अध्ययन गरिएको छ ।

---

**ढुङ्गाना नेपाली विभाग, **पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुनुहुन्छ ।***

## २. अध्ययनको विधि

प्रस्तुत लेखको सामग्री सङ्कलन पुस्तकालयबाट गरिएको छ । यो अनुसन्धान 'समकालीन कथामा पहिचानको स्वर' शीर्षकमा केन्द्रित भएकोले विश्लेषणका लागि छनोट गरिएका कृतिलाई प्राथमिक सामग्रीका रूपमा चयन गरिएको छ । द्वितीय स्रोतका रूपमा पहिचानको अवधारणा एवं लैङ्गिक, जातीय पहिचानसम्बन्धी लेखिएका पुस्तक तथा लेख, रचनाहरूलाई सैद्धान्तिक आधार बनाइएको छ । प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त सामग्रीको विश्लेषण गरी निष्कर्ष प्राप्त गर्नका लागि वर्णनात्मक विश्लेषणात्मक विधि अपनाइएको छ ।

## ३. सैद्धान्तिक पर्याधार

अध्ययनको विभिन्न विषयमध्ये पहिचान र प्रतिनिधित्वको अध्ययन पनि महत्वपूर्ण विषय हो । पहिचानको अवधारणा सांस्कृतिक अध्ययनसँग सम्बन्धित रहेको छ । यसअन्तर्गत मूलत: जातीय, क्षेत्रीय र लैङ्गिक पहिचान पर्दछ । लैङ्गिक पहिचानले नारी अस्तित्वको पहिचान, विद्रोह र समानताको खोजी गर्दछ भने जातीय पहिचानले उत्पीडनमा रहेका दलित, आदिवासी, जनजाति, सार्विक तथा महाजातिका रूपमा रहेका नेपालीहरूको अवस्थाको खोजी गर्दछ । मार्क्सवादको विरोध र विकल्पका रूपमा देखापरेको सांस्कृतिक अध्ययनको खोजी नवमार्क्सवादीहरूले गरेका हुन् । यो मार्क्सको उत्पादन सम्बन्ध र उत्पादक शक्तिद्वारा निर्धारित आर्थिक तथा वर्गीय संरचनाका आधारमा नभएर सांस्कृतिक आधारमा साहित्यको अध्ययन गरिनुपर्छ भन्ने मान्यताका साथ आएको हो । सांस्कृतिक अध्ययनको अवधारणा दोस्रो विश्वयुद्धपश्चात् अर्थात् १९६० को दशकमा बेलायतबाट प्रारम्भ भएको हो । सन् १९६४ मा बेलायतको बार्मिङ्घम विश्वविद्यालयमा सांस्कृतिक अध्ययन केन्द्रको स्थापना भयो । यस संस्थाका संस्थापक विद्वान्हरूमा रिचार्ज होगार्ट, रेमन्स विलियम्स, इ.पि. थम्पसन र स्टुअर्ट हल हुन् । हलका विचारमा कुनै पनि व्यक्ति वा वस्तु विशेषलाई सामाजिक परम्परा वा विमर्शले निर्धारण गरिदिएको स्थान नै पहिचान हो (हल, सन् १९९६ पृ. ६) समाजले निर्धारण गरेका भूमिका नै पहिचान हो भन्ने हलको मत रहेको छ । संस्कृतिले व्यक्ति, परिवार, समाज र सिङ्गो देशलाई नै प्रत्यक्ष असर पारेको हुन्छ । मानिसले जस्तो संस्कृतिको निर्माण गर्दछ । त्यो समाज पनि त्यस्तै बन्दछ । "मानव स्वभाव, आचरणको स्थिति, जीवन यापनको तरिका, शैली र सामाजिक जीवन परम्परा आदिलाई सम्बोधन गरिने शब्द संस्कृति हो "(सुवेदी, २०७३, पृ. २०१) ।"बेलायती सांस्कृतिक अध्ययनले संस्कृतिको खास गरी पहिचान, प्रतिनिधित्व र शक्ति सम्बन्धलाई मुख्य आधार बनाएको छ" (अधिकारी, २०७०, पृ. १४) । मानिस जस्तो संस्कृतिमा बाँचेको हुन्छ, जीवन यापन गर्ने तरिका पनि त्यस्तै हुन्छ । संस्कृति प्राकृतिक नभएर मानव निर्मित हुन्छ । यसर्थ संस्कृति देश, काल, परिवेश र त्यस देश तथा समाजको सामाजिक राजनैतिक, धार्मिक परम्पराअनुसार भिन्न भिन्न हुन्छ ।

सांस्कृतिक अध्ययनको चासो संस्कृतिको केन्द्रमा भन्दा किनार र तल्लो तहतिर रहको हुन्छ । पाठभित्र को दमित छ कसलाई केन्द्रले पाखा लाएको छ वा सीमान्तीकृत समूहमा को को छन् भन्ने कुराको अध्ययन नै सर्वोपरी महत्त्व राख्दछ । खास गरी सामाजिक वर्ग, लिङ्ग, जातीयता, यौनिकता आदिसँग जोडिएर सांस्कतिक संस्था र प्रतिनिधित्वका मार्फत कसरी सांस्कृतिक अर्थ र पहिचानलाई स्थापित गरिन्छ भन्ने कुराको गहिरो विश्लेषण सांस्कृतिक अध्ययनमा गरिन्छ (गिरी, २०७०, पृ. १७)।

पहिचानको अध्ययनले कृतिभित्र सीमान्तीकृत समूहमा रहेका लिङ्ग, जाति, जनजति र वर्गको पहिचान र प्रतिनिधित्व कसरी भएको छ भनी अध्ययन गर्दछ भन्ने मत गिरीको रहेको छ । यसले सीमान्तीकृत समूहमा रहेका लिङ्ग, जातीय, क्षेत्रीथ पहिचान र प्रतिनिधित्वको खोजी त गर्दछ, तर वर्गीय सङ्घर्ष र वर्गीय मुक्तिसँग जोडेर यसप्रकारका पहिचानको स्वर मुखरित गर्ने कुरामा भने यसको ध्यान जान सकेको छैन ।

### लैङ्गिक पहिचान

लिङ्गका आधारमा गरिने पहिचान नै लैङ्गिक पहिचान हो । सामान्यतः लिङ्ग र लैङ्गिकता शब्दको अर्थ समान जस्तो देखिन्छ, तर लिङ्गले पुरुष र महिलाको जैविक भिन्नतालाई छुट्याउँछ भने लैङ्गिकताले समाजले निर्धारण गरेका

भूमिकालाई जनाउँदछ । "प्राकृतिक भिन्न व्यवस्थाका आधारमा महिला र पुरुष भिन्न हुन्छन् भने सामाजिक सांस्कृतिक सम्बन्धका आधारमा परम्परागत लैङ्गिक सम्बन्धले पनि यिनको भूमिकालाई भिन्न बनाएको हुन्छ" (भट्टराई, २०७७, पृ. ४) । लिङ्ग भन्नाले जैविकरूपमा स्पष्ट चिनिने नारी र पुरुषका शारीरिक लक्षण तथा चिह्नहरू हुन् । सामाजिक सांस्कृतिक सम्बन्ध र समाजले निर्धारण गरेका भूमिकाका आधार नै लैङ्गिक पहिचानका सूचकहरू हुन् । संस्कृतिले व्यक्ति, परिवार र समाजलाई प्रत्यक्ष रूपमा असर पारेको हुन्छ । समाजमा महिला र पुरुषबिच सामन्ती विभेद गर्ने प्रमुख तत्त्व पितृसत्ता हो । पितृसत्तात्मक संस्कृतिले महिलालाई अबला, बेसहारा र पतिको दाशी, भोग्या, वेश्या र बच्चा जन्माउने मेसिन र छोरालाई वंश चलाउने, संरक्षक र पितृ तार्ने कुलदीपका रूपमा हेर्दछ । जतातत‍ै नारीमाथि पुरुषको प्रभुत्व कायम रहन्छ र नारीहरू यौन हिंसा, बलात्कारको शिकार बन्नुपर्दछ । । लैङ्गिक पहिचानको अध्ययनले साहित्यमा सीमान्तमा पारिएका नारीका यिनै लैङ्गिक विभेदको अवस्था , अस्तित्वको पहिचान , प्रतिनिधित्व र विद्रोहका लागि मुखरित भएका स्वरहरूको अध्ययन गर्दछ । समकालीन समयमा विश्व परिवेश तथा साइवर संस्कृतिको प्रभावले गर्दा नारीका पहिचान र प्रतिनिधित्वका सन्दर्भ मात्र नभएर पुरुषको पहिचान र तेस्रो लिङ्गीका सन्दर्भहरू पनि साहित्यमा अध्ययन गर्न थालिएको पाइन्छ , तापनि अधीकांशरूपमा महिलाहरू नै सीमान्तीकृत अवस्थामा रहेर पहिचानविहीन अवस्थामा रहनु कारण नेपाली साहित्यमा लैङ्गिक पहिचानको अध्ययन गर्दा महिलाहरूको पहिचान र प्रतिनिधित्वलाई नै आधार बनाएर साहित्यको रचना गरिएको पाइन्छ ।

### जातीय पहिचान

जातीय संस्कृतिका आधारमा गरिने पहिचान नै जातीय पहिचान हो । ब्रिटिस सांस्कृतिक अध्ययनको लैङ्गिक अध्ययनपछिको अर्को महत्वपूर्ण पक्ष जातीय पहिचानको अध्ययन हो । सीमान्तीकृत अवस्थामा रहेका जातिहरूको अस्तित्व, पहिचान, जातीय विशेषता तथा उनीहरूले परम्परादेखि थाम्दै आएका पेशा, धर्म, संस्कृति नै जातीय पहिचानका आधार हुन् । "समाजको वर्गीकरण जातीय आधारमा हुन्छ भन्ने मान्यता जातीय सिद्धान्तले अँगालेको हुन्छ र समाजमा वा राष्ट्रमा आफ्नो पहिचान र अस्तित्व कायम गर्नका लागि साहित्यका माध्यमबाट आवाज दिने काम जातीय साहित्यले गर्दछ" (अधिकारी, २०७८, पृ. १९) । सीमान्तीकृत अवस्थामा रहेका उत्पीडित जातिहरूका अस्तित्व, पहिचान र प्रतिनिधित्वका स्वरहरूलाई साहित्यमा मूल विषय बनाइनुपर्छ भन्ने मान्यता जातीय सिद्धान्तले अँगालेको हुन्छ भन्ने मत अधिकारीको रहेको छ । विश्व परिवेशमै जातीय विभेद रहेको पाइन्छ । स्वेत, अस्वेत, छुत, अछुत जस्ता जातीय संस्कृतिका अनेक पक्षहरू प्रस्तुत भएका हुन्छन् र जातीय पहिचानका स्वरूपहरू पनि देश, समाज र धर्मपिच्छे फरक फरक हुन्छन् । नेपाली साहित्यको जातीय पहिचानको अध्ययनले खास गरी दलित, मधेसी, जनजाति र विभिन्न देशमा गएर नेपाली जातिका रूपमा पहिचान कमाएका नेपाली महाजातिका पहिचान र अस्तित्वका मुद्दाहरूलाई मूल विषय बनाएको पाइन्छ ।

## ४. समकालीन नेपाली कथामा पहिचानको स्वर

वर्तमान सामाजिक राजनैतिक परिवर्तनसँगै सिर्जिएका करिब दुई दशक अवधिका रचनालाई समकालीन कथा मानिन्छ । नेपाली बहुजाति, बहुभाषिक र बहुसांस्कृतिक विविधता भएको देश हो । देशमा ठुला ठुला राजनैतिक परिवर्तनहरू भएर पनि नारीप्रतिका विभेदहरू, दलित, जनजातिका उत्पीडनका पीडाहरू आज पनि यथावत् छन् । पछिल्लो समय सीमान्तीकृत अवस्थामा रहेका महिला, दलित, आदिवासी, जनजातिका पीडा, उत्पीडन र पहिचानका स्वरलाई केन्द्र बनाएर विभिन्न विधाका कृतिहरू लेखिएको पाइन्छ । यस अनुसन्धानमूलक लेखमा भवानी क्षेत्रीको 'उजेली', राममणि पोखरेलको 'सजाय' र ललित विष्टको 'नैरामे' गरी तिन वटा कथाहरूमा केन्द्रित भएर पहिचानको अध्ययन गरिएको छ ।

### भवानी क्षेत्रीको 'उजेली' कथामा पहिचानको स्वर

भवानी क्षेत्रीको 'उजेली'कथामा सीमान्तीकृत अवस्थामा रहेकी नारीको प्रतिनिधित्व भएको छ । 'उजेली'पितृसत्तात्मक ग्रामीण नेपाली समाजका नारीहरूले भोग्नुपरेका यौन शोषण, उत्पीडन, अन्याय र अत्याचारको विरोध

गरेर लेखिएको कथा हो। प्रस्तुत ‘उजेली’ कथामा चाडै नै आमाबाबु गुमाएकी हुनाले सानैदेखि धनी इन्द्रबहादुरको घरमा जुठा भाँडा माझ्ने र गोबर सोर्ने काम गरेर गुजारा गर्दै आएकी किशोरीवय गरिब टुहुरी उजेलीको प्रतिनिधित्व भएको छ। बद्मास पुरुषहरूको फन्दामा परेकी सहाराविहीन उजेलीले विवाहपूर्व नै गर्भधारण गरी बच्चा जन्माएपछि समाजले उसलाई वेश्या र पातरको पहिचान दिएको कुरा कथाको सुरुमै यसरी व्यक्त भएको छ :

उजेलीले बच्चा जन्माई
कसको रहेछ
छि ! छि ! छि !
त्यस पातरलाई गाउँबाट निकाल्नु पर्दछ
त्यसका जगल्टा नलुछेर हुन्छ
त्यही मास्टरको होला ! (क्षेत्री, २०७८, पृ. ५)

विवाह नगरी बच्चा जन्माउँदा वास्तविक कारण नबुझी महिलालाई मात्र दोषी ठानेर लान्छित गरी वेश्या र पातरको पहिचान गराउने सांस्कृतिक परम्परालाई उल्लिखित भनाइले पुष्टि गरेको छ।

पितृसत्तात्मक समाजका पुरुषहरूले नारीलाई वस्तु र खेलौना ठानेर उनीहरूको अस्मितामाथि खेलबाड गर्ने गरेका र यिनै चरित्रहीन पुरुषहरूले यस्ता उत्पीडित नारीहरूलाई घृणा र दमन गर्ने गरेको कुरा कथामा यसरी प्रस्तुत गरिएको छ :

गोरी कसिलो जिउडाल भएकी उजेली गाउँमा एक्लै बस्थी, उसको वरिपरि घुम्ने र दाउ पर्दा जे पनि गर्न पछि नपर्ने, दाउ परे चिमोट्ने, जिस्क्याउने, छाती र कम्मरमा हात पु¥याउने वा उसलाई छोएरै भए पनि सन्तुष्टि लिने धेरै थिए। गाउँमा माया गरेर आकाशका तारा खसाल्छौँ भन्नेहरू नै मान्छेले देख्ने ठाउँमा तर्किएर हिँड्थे (पृ. १९९)।

नेपाली समाज अहिलेसम्म पनि पितृसत्तात्मक शासन व्यवस्थाको कार्यपीठिकामा रहेको छ। पितृसत्तात्मक समाजका पुरुषहरूले नारीलाई अबला,, भोग्या र विलासको साधन ठान्ने गरिएको पाइन्छ। उनीहरूले नारीलाई एक्लै भेट्दा ललाएर, फकाएर, प्रेमको नाटक रचेर वा नमानेमा जबरजस्ती बलात्कार गरेर भए पनि आफ्नो काम भावना शान्त पार्ने र त्यसपछि नचिनेझैँ गरी मुख लुकाएर भाग्ने गरेको तथ्य माथि उल्लिखित भनाइले पुष्टि गरेको छ।

विलासी पुरुषहरूको शिकार भएर विवाह अगाडि बच्चा जन्माएकी उजेलीलाई बाबुको पहिचान गर्न गाउँलेहरूको सभा बोलाइयो। सभामा उपस्थित भएकी उजेलीलाई बच्चाको बाबु को हो ? भनी प्रश्न गर्दा जवाफ नदिएपछि महिलाको शत्रु महिला नै हुन्छन् भने झैँ आइमाईहरूको झुण्डबाट एउटी महिला उठेर चिच्याउँदै भनिन् :

> कसको हो यो बच्चा ए फुडी लबस्तरी गाउँभाडा कसको भुँडी बोकेर पाइस् त्यो बच्चा ? खुरुक्क बिहे गर्न पर्दैन पहिला नै त्यही झुण्डबाट फेरि अर्की, अर्की गर्दा गर्दै सिङ्गो भिँडको एक स्वर भयो त्यो बच्चा बसको हो ? बच्चाको बाउ को हो ? कसको भुँडी बोकिस्। (पृ. २०१)

प्रत्येक नारीको एउटा असल श्रीमान् होस् बच्चाबच्ची होउन्। सानै भए पनि एउटा घर होस्। लोग्नेले माया गरोस्। आफूले जन्माएको बच्चाले बाबुको छहारी र माया पाओस् भन्ने चाहना हुन्छ। सहारा विहीन टुहुरीको पनि यस्तै रहर र चाहना पक्कै पनि थियो होला तर पेट बोकाएर समाजका अगाडि चिनिन नचाहने स्वार्थी र विवेकहीन पुरुषको विलासको साधन बन्न बाध्य भएकी उजेलीले रहरले नभई बाध्यतावश विवाह अघि नै बाबुविनाको सन्तान जन्माउनु परेको थियो। एउटी नारी भएर अर्की नारीलाई विपत् पर्दा सहयोग गरेर उसको दुःखमा मलम लगाउने र बद्मासलाई दण्डित गर्नुको सट्टा उल्टै जाइलागेर पुmँडी, लबस्तरी, गाउँभाडाजस्ता अनेक लान्छना लगाउने संस्कार र संस्कृतिले गर्दा पीडामाथि पीडा थपिने कुरा माथि उल्लिखित कथांशद्वारा पुष्टि हुन्छ।

आफूलाई सम्पन्नशाली र इज्जतदार ठानेर उजेलीमाथि जाइलाग्ने महिलाहरूको जीवन पनि मान्छेको जीवनजस्तो नभएर पराधीन भई पशुको जस्तो बन्धनपूर्ण जीवन जीउनु परेको अवस्था रहेको छ । पराधीन भएकै कारण आफ्ना पति परस्त्रीसँग लागेको कुरा थाहा पाउँदा पाउँदै पनि घरको इज्जत र आफू र आफ्ना परिवारको बिचल्ली होला भन्ने डरले चुपचाप सहेर ढाकछोप गर्ने गरेको कुरा उजेलीको निम्न भनाइबाट पुष्टि हुन्छ :

> काकी दिदी तपाईंहरू जसको अधीनमा हुनुहुन्छ र तपाईंहरूको पालन पोषण जसले गर्दछ उसको सुरक्षा गर्न नै सिकाएको छ तपाईंहरूलाई । तपाईंहरूको आफ्नो जीवन कहाँ तपाईंहरूको हो र ? त्यो त बन्धक हो । लोग्नेको कमाई खाएर एउटा दुलोजस्तो कोठामा मुसाझैँ लुकेर मान्छेको जीवन बाचिन्छ र ? तपाईंहरू लोग्नेमान्छेले पोख्दै हिँडेको इज्जत कति बटुलेर हिँड्नुहुन्छ ? के इज्जत जोगाउने ठेक्का आइमाईहरूको मात्र हो ? यदि होइन भने आज यहाँ यसरी मैले उभिन पर्ने थियो र ? (पृ. २०३)

बिहे गरेर भित्र्याइएकी पत्नी घरमा हुँदाहुँदै उजेलीलाई पेट बोकाएर समाजका डरले तर्किन खोजेकै कारण ऊ यस भेलामा उपस्थित हुनुपरेको हो । लोग्ने मान्छेले पोख्दै गरेको इज्जतलाई जोगाउने काम घरानिया र इज्जतदार भनौदा महिलाहरूले नै गर्ने गरेको हुनाले गर्दा महिलाहरूले झन बढी पीडा भोग्नु परेको कटु सत्य प्रस्तुत भएको छ ।

कथामा लैङ्गिक पहिचानको स्वर केन्द्रीय विषय बनेर आएको छ । बच्चाको बाबु को हो ? भनी प्रश्न गर्ने समाजलाई मुखभरिको जवाफ दिँदै उजेली भन्दछे :

> किन चाहियो तपाईंहरूलाई बच्चाको बाउ ? जब ऊ आफै चिनिन चाहँदैन भने तपाईंहरूले जबरजस्ती जोडी बाँधि दिएर मेरो जीवन खुसी हुन्छ ? मेरो लोग्ने त यस्तो मर्द हुनेछ जो आफूले गरेको गल्ती वा अपराध छाती तानेर स्वीकार्न सक्दछ । जो लुक्छ त्यो कातर हो र त्यस्तो कातर मेरो लोग्ने कसरी बन्न सक्छ, त्यसैले यो बच्चा मेरो हो । यसको सारा जिम्मेवारी म नै लिन्छु । (पृ. २०२)

गर्भधारण गराएर भाग्ने अपराधी, भगुवा र कातर आफ्नो लोग्ने हुन सक्दैन र उसलाई बाबु बन्ने अधिकार पनि छैन । त्यस्तो अपराधीसँग जबरजस्ती सम्बन्ध जोडियो भने पनि आफ्नो जीवन सुखी हुन सक्दैन त्यसैले त्यस्तालाई बाबु भनेर चिनाउन सकिँदैन । यो बच्चा मेरो हो यसकँ्े सारा जिम्मा म आफै लिन्छु भनेर उजेलीमार्फत नारीहरू कमजोर, बेसहारा र लाचार छैनन् उनीहरू पनि आत्मनिर्भर बनैर आफूले जन्माएको बच्चाको पालन पोषण गर्न सक्छन् भनी कथाकारले नारी अस्तित्व र पहिचानको स्वर मुखरित गरेका छन् ।

गाउँ प्रमुख इन्द्रबहादुरले बाबु बिना बच्चालाई स्कुल दाखिला गर्न नागरिकता बनाउन कठिन हुन्छ त्यसैले बाबुको नाम भनिदे भन्दा उजेली भन्दछे :

> नियम बनाउने तपाईंहरू, कानुन बनाउने तपाईंहरू त्यसैले बुझ्नुभो या त बनाउनुहोस् नयाँ नियम, नयाँ कानुन समान रूपमा होइन भने तपाईंहरूको नियम कानुन पनि कस्तो ? म आमा भएर छर्लङ्ग चिनिएकी छु, मेरो नामको आवश्यकता कतै नपर्ने अनि त्यो नामर्द जसलाई मैले चिनाएर मात्र चिन्न सक्नुहुन्छ उसको नामबिना नै रोकिने । (पृ. २०३)

पितृसत्तात्मक शासन व्यवस्थामा निर्मित नियम, कानुन, धर्म, संस्कृति सबै पुरुषका पक्षमा रहेको हुन्छ । नागरिकता बनाउन बाबु नै चाहिने कानुनी व्यवस्थाप्रति असहमति जनाउँदै कथाकारले उजेलीमार्फत समाजले छर्लङ्ग देखिने गरी ९ महिनासम्म गर्भमा राखेर जन्माएकी आमा नै सन्तानको प्रमुख हकदार भएकी हुँदा उसको अस्तित्व पहिचानका लागि आमाकै नामबाट नागरिकता पाउनुपर्ने नियम कानुन बन्नुपर्ने माग गरेका छन् ।

न्वारानमा समेत बाबुको नाम चाहिने पितृसत्तात्मक धर्म र संस्कृतिलाई चुनौति दिँदै उजेली भन्दछे :

> न्वारान नगर्दा के हुन्छ बडा ? पुरेत नबोलाउँदा के हुन्छ बडा ? यो बच्चाको बाबु मैले चिहउने होइन बडा ? यदि ऊ आमाको दुध पिएको छोरो हो भने, यदि ऊ आफूलाई मर्द हुँ भन्छ भने आफै निस्कियोस् र भनोस् यो मेरो बच्चा हो। यदि होइन ऊ एउटा कातर, नामर्द, स्वार्थी हो र लुकेर बस्छ भने त्यस्तो लाछी मान्छेको नाम लिएर म मेरो बच्चाको नामसँग जोड्दिन। (पृ. २०३)

महिलामाथि विभेद गरिने सामाजिक मान्यता, धर्म र संस्कृति पनि परिवर्तन गरिनुपर्दछ भन्ने धारणा कथामा व्यक्त भएको छ। लैङ्गिक पहिचान र प्रतिरोधको स्वर केन्द्रीय विषय बनेर आएको प्रस्तुत कथामा अनेकौँ घात प्रतिघात खपेर बघिनीजस्ती बन्न पुगेकी उजेलीले आफ्नो यौवनसँग खेल्नुसम्म खेलेर आफूबाट जन्मेको बच्चालाई समेत आफ्नो भन्न नसक्ने, समाजमा मुख लुकाउँदै भाग्ने पुरुषलाई कायर, नामर्दको संज्ञा दिँदै यस्तो दुष्टसँग आफ्नो बच्चाको नाम जोड्न नचाहने उद्घोष गरेकी छे। उसले ९ महिनासम्म समाजले छर्लङ्ग देखिने गरी जन्माएको बच्चाको पालनपोषण आफैले गर्न सक्छु। महिलाहरू पनि आत्मनिर्भर हुन सक्छन् भन्दै बच्चाको पहिलो अधिकार आमाकै हुनुपर्छ भन्ने माग गरेकी कुरा माथि उल्लिखित कथांशबाट पुष्टि भएको छ।

**राममणि पोखरेलको 'सजाय' कथामा पहिचानको स्वर**

राममणि पोखरेलको 'सजाय'कथामा राज्यको उच्च पदमा पुगेका महिलाको प्रतिनिधित्व भएको छ। महिलासङ्घको नेतृत्व पदमा रहेर महिला हक र अधिकारका लागि लडेका महिलाहरू नै राज्यको उच्च पदमा पुगेपछि उनीहरूमा देखापरेको पदीय विचलन, अनैतिकता र व्यक्तिगत स्वार्थले गर्दा पथभ्रष्ट भएको समकालीन यथार्थलाई कथामा प्रस्तुत गरिएको छ।

बिन्दा र सृजना महिला सङ्घमा बसेर लैङ्गिक समानता र मुक्तिका लागि सङ्घर्ष गर्दै आएका महिला नेतृहरू हुन्। देशमा आएको राजनैतिक परिवर्तनपछि विन्दा मन्त्रीजस्तो उच्च पदमा पुगी आफ्नो पहिचान बनाउन समर्थ भइन्। पदमा पुगेपछि उनमा देखा परेको पदीय दम्भ र व्यक्तिगत स्वार्थले गर्दा हिजोका दिनमा गरेका प्रतिबद्धतालाई बिर्सिन पुगिन्। उनले घाँस काट्न गएका निर्दोष महिलाहरूलाई बलात्कार गरी हत्या गर्ने सुरक्षाकर्मीहरूलाई संरक्षण दिएर अपराधलाई लुकाइएको कुरा कथामा सृजनामार्फत यसरी व्यक्त गरिएको छ :

> नेपालको पूर्वी मार्गको एउटा गाउँमा महिलाहरू दाउरा घाँस गर्न नजिकैको जङ्गल गएका रहेछन्। सुरक्षाकर्मीको सात जनाको समूह गएर ती घाँस दाउरा गर्न आएका महिलाहरूलाई जबरजस्ती बलात्कार गरेछन्। पोल खुल्ला भन्ने डरले ती तिनै जना महिलालाई हत्या गरेछन्। यो समाचार देशव्यापी भयो। अखबारमा भङ्गेरे अक्षरले छापिए। ती महिला नेतृको मन्त्रालयमा न्याय माग्ने महिला टोली गएर न्याय खोज्यो तर ती महिला नेतृले ती महिलाहरू त पेशेवर यौनकर्मी रहेछन् तब त सुरक्षाकर्मी गए। तर बाटोमा भाग्ने हुँदा लडेर मरेका पो अरे त, मेरो मन्त्रालयमा त्यस्तै प्रतिवेदन आएको छ भनेर उल्टै ती न्याय माग्न जाने महिलालाई हप्काएर निराश पारेर पठाइछन्। (पोखरेल, २०७६, पृ. ८४–८५)

प्रस्तुत कथांशबाट कथाकारले नेपाली राजनीतिमा नैतिकता, इमान्दारिता स्खलित हुँदै गएको, उच्च पदमा पुगेका महिला नेतृहरू नै बलात्कारी र हत्याराहरूको संरक्षण गर्न पुगेका हुँदा अहिले पनि बलात्कार, हत्या, हिंसा बढ्दै गएको अवस्थाप्रति रोष व्यक्त गरेका छन्।

सृजना पनि विगतदेखि नै बिन्दासँगै आन्दोलनमा होमिएकी र अहिले पनि उनीसँगै महिला सङ्घमा कार्यरत इमान्दार र स्वाभिमानी महिला नेतृ हुन्। पढेलेखेकी शिक्षित हुनुका साथै अङ्ग्रेजी भाषामा समेत राम्रो दखल भएकी सृजना बिन्दाजस्तो सांसद र मन्त्रीजस्तो उच्च पदमा पुग्न भने सकेकी छैनन्। अङ्ग्रेजी राम्रो भएकै कारणले बिन्दाले सृजनालाई सहयोगका लागि महिला अधिकारसम्बन्धी गोष्ठीमा भाग लिन विदेश जाने आग्रह गरिन्। बिन्दाको आचरण थाहा पाउँदा

पाउँदै पनि उनले विदेश जाने कुरा स्वीकार गरिन् र त्यहाँ गएर सबै कार्यपत्र तयार गरिन्। जिज्ञासु चरित्र भएकी सृजनाले तपाईं मन्त्री हुँदाका छोटो संस्मरण बताउन सक्नुहुन्छ भनी प्रश्न गर्दा लाजै पचाएर बिन्दा भन्दछिन् :

> मेरो कार्यकाल राम्रो बित्यो, काममा सफलता पाएँ भन्ने अनुभव गरेकी छु। त्यै सेनासँग जोडिएर गलत व्यवहार गर्न पल्केका तीन वटी महिला भाग्ने हुँदा मरे नि त्यो घटनालाई भने पत्रकारले बढाइचढाई लेखिदिए। तर गुनासो गरिन। काग कराउँदै गर्छ पिना सुक्दै गर्छ। आलोचना हुन्छ नै, पत्रकारको आलोचनाले के तातो पानी लाग्न सक्छ र । (पृ. ८३)

बलात्कार र हत्याजस्तो जघन्य अपराध गर्ने अपराधीहरूलाई संरक्षण दिएर कत्ति पनि आत्मग्लानी नभएको र उल्टै मेरो कार्यकाल सफल भयो भनी निर्लज्जताका साथ गर्व गर्ने अभिव्यक्तिबाट शक्ति र सत्ताको आडमा अनैतिक क्रियाकलापमा संलग्न महिला नेतृहरूको संवेदनाहीन अवसरवादी एवं गैर जिम्मेवार चरित्रको विरोध गरिएको छ।

बिन्दाले विदेशमा रहँदा महङ्गो डलर तिरेर अमुक नेतालाई अनावश्यक रूपमा पटक पटक फोन गरेको देखेर सहयोद्धा मित्र ठानेर सुझाव दिने ढङ्गमा सृजनाले कमरेड तपाई यो महङ्गो फोन किन गर्दै हुनुहुन्छ पटक पटक। देशमा आन्दोलन पनि छैन। चुनाव हुन लागेको पनि छैन यस्तो सामान्य स्थितिमा त यो तपाईंको फोन गराईको कुनै अर्थ देखिएन ? (पृ. ८६)।

सच्चा नेताले आफ्ना सहयोद्धा मित्रहरू तथा कार्यकर्ता कसैको पनि आलोचनालाई सुझावका रूपमा लिएर पालना गर्न सक्नुपर्छ । पार्टीको शक्तिशाली नेताहरूसँग अनावश्यक सम्बन्ध बढाएर शक्तिको दुरूपयोग गर्ने र आलोचना गर्ने महलिाहरूलाई हप्काउने, अवसरहरूबाट वञ्चित गर्ने र सकेमा निरुत्साहित बनाएर सङ्गठनबाटै पलायन बनाउने तथा महिला भएर महिलाकै खुट्टा तान्ने प्रवृत्ति महिला सङ्घमै काम गर्ने एकजना दिदीसँग भेट हुँदा उनले बताएका निम्न भनाइबाट पुष्टि हुन्छ :

> जोसँग तिमी विदेश गयौ नि उनले त तिमीलाई जतिसुकै अङ्ग्रेजी भाषा जान्ने भए पनि कोही महिला नेताले तिमीलाई बाहिर नलानु भनेर निर्णय भनौँ आफ्नो संस्थामा आदेश जनाएकी छन्। तिमीसँग धेरै महिलाहरू रिसाएका छन्। यस्तो गोप्य कुरा तिमीलाई जानकारी नै छैन। तिमीसँग बिन्दा दिदी अति नै रिसाएकी छन् भन्ने बुझ्यौ हामीले अनेकौँ दु:ख पीडा पचाएर म तिमीलाई यो सूचना गर्दैछु । (पृ. ८८)

दिदीको कुरा सुनेपछि सृजना छानाबाट खसेजस्ती भइन्। उनी पढेलेखेकी सक्षम र स्वाभिमानी महिला थिइन्। महिलाले महिलालाई न्याय दिन नसक्ने संस्थामा बस्नु उचित नहुने ठानिन्। उनले विद्यावारिधि गरेर आफ्नो पहिचान बनाउनु उचित ठानेर विदेश गएको र विद्यावारिधिको प्रमाणपत्र लिएर नेपाल फर्केको कुरा कथामा यसरी व्यक्त गरेकी छन् :

ती दिदी कमरेडले यस्तो सूचनाको जानकारी भएपछि म छाङ्गाबाट खसैजस्तै भएँ। हामी यो वर्गीय आन्दोलनमा सहभागी हुन सक्दैनौँ। हाम्रो उपयोगिता समाप्त भएछ भन्ने सोचेँ। महिलाले महिलाकै अपमान गर्ने संस्थामा पाइला राख्न गइनँ । हीनता महसुस गरेँ । अपमानित भएको अनुभव भयो ।........... त्यो अपमान पछि अर्को विकल्पको बाटो खोजेँ । विद्यावारिधि गर्ने चाहना थियो। त्यो इच्छा पुरा गर्न जापान जाने चाँजोपाँजो मिलाएर उतै गएँ। काम पनि गरेँ धन पनि कमाएँ। आमालाई सुन दिएँ बाउलाई कोट र जमिन किन्ने रकम दिन सफल भएँ। अहिले विद्यावारिधिको प्रमाणपत्र कोठामा सजाएर राखेकी छु । पत्रपत्रिकामा महिला हक र अधिकार सम्बन्धी लेख प्रकाशन गर्दछु । नेपालीमा छापिएका उपन्यास, कथा, कविता अङ्ग्रेजीमा अनुवाद गर्दछु । जीन्दगी यसरी गुजार्दैछु । पद पाएर मात्र कोही महिला असल बन्न सक्दो रहेनछ भन्ने लाग्यो । उताबाट विद्यावारिधि गरेर आएको केही समयपछि बिन्दा दिदी मजस्ताले भेट्न नसक्ने पदमा पुग्नुभएछ । उहाँलाई धन्यवाद । अभिवादन ।

वर्गीय समानता र लैङ्गिक विभेदको अन्त्य गर्ने प्रतिबद्धता बोकेका महिला नेतृहरू सत्तामा पुगेर पहिचान बनाएपछि उनीहरूको चरित्रमा देखिएको सैद्धान्तिक, राजनैतिक र व्यवहारिक विचलन र अवसरवादी चरित्रलाई प्रस्तुत अंशले पुष्टि गरेको छ । कथामा सङ्कटका बेलामा ज्यानको बाजी लगाएर लडेका इमान्दार, सक्षम र स्वाभिमानी महिलाहरू माथि सत्तामा

पुगेका महिला नेतृहरूको अपमानित व्यवहार सहन नसकेर आफूले काम गरेको सङ्गठन नै छाडेर उच्च शिक्षा प्राप्त गरी आफ्नो नयाँ पहिचान बनाएको यथार्थ प्रस्तुत गरिएको छ ।

**ललित विष्टको 'नैरामे' कथामा पहिचानको स्वर**

'नैरामे' ललित विष्टको 'मोहपथ' कथासङ्ग्रहमा सङ्कलित कथा हो । प्रस्तुत कथामा दलित जातिहरू गरिबी, जातीय विभेद, दमन र उत्पीडनबाट मुक्ति पाउनका लागि सशस्त्र द्वन्द्वमा सामेल भएका तर द्वन्द्वको समाप्ति भएर गणतन्त्रको स्थापना भएपछि पनि उनीहरूको अवस्था यथावत् रहेको समकालीन यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । यो म पात्रले आफू सानो छँदा देखेको सुनेको घटनालाई संस्मरण गरी लेखिएको कथा हो । जातीय पहिचान, प्रतिनिधित्व र समानतालाई केन्द्रमा राखेर लेखिएको यस कथामा सीमान्तीकृत अवस्थामा रहेका दलित जातिको प्रतिनिधित्व भएको छ । पहाडी क्षेत्रका कामी, दमाई, सार्की र तराई क्षेत्रका मुसहर, चमार, वादी आदि दलित जातिभित्र पर्दछन् ।

कथाको प्रमुख पात्र नैरामे भुल जातले सार्की हो । उसको गाउँमा ब्राह्मण क्षेत्री लगायत ३६ घर सार्कीहरूको समेत बस्ती रहेको छ । यस गाउँका सार्कीहरू परिश्रमी छन् । उनीहरू गाई, भैँसी तथा गोरुको मरेको सिनोको छाला निकालेर मादल, दमाहा, ढोल, हर्लुङ्गो, सुप्पो (नाङ्लो) को कुना बलियो बनाउने काममा लगाउँछन् । यिनीहरूले बनाएका सामानहरू उपल्लो जातकाहरूले पनि लैजान्छन् । त्यसको सट्टामा थोरै अनाज पाउँदछन् । माथिल्लो जातिका घर बनाउनुपर्दा ढुङ्गा, माटो बोक्नेदेखि खेतबारीमा बालि रोप्नेलगायतका सबै काममा सहयोग गर्दछन् । यिनीहरूले सीप लगाएर बनाएका सामान र श्रम आवश्यक हुने तर तिनलाई छुन नहुने, तिनीहरूले छोएको पानी नचल्ने र सार्वजनिक रूपमा राखिएका मठ मन्दिरमा पस्नसमेत नहुने परम्परागत अभिजात संस्कृतिले गर्दा दलितहरूले भोग्नु परेका विडम्बनापूर्ण अवस्थाको चित्रण कथामा गरिएको छ । दलित भएकै कारण दमित र अवहेलित बन्नु परेका यी जातिहरूको पहिचान र प्रतिरोधका स्वरहरू कथामा अभिव्यञ्जित भएका छन् । दलितको छोरो भएपछि देवी देवताको मन्दिरमा पस्नु सांस्कृतिक दृष्टिले अपराध हो । पश्चिम नेपालका दूरदराजका गाउँहरूमा त चेतनाको कमी भएको कारण पनि दलितहरूप्रति हेर्ने दृष्टिकोण बढी संकुचित रहेको देखिन्छ ।

नैरामेको नाबालक छोरो स्कुलबाट फर्कदा घाइते परेवालाई पछयाउँदै मन्दिरभित्र पसेपछि टुप्लुक्क आइपुगेका पुजारी बाजेले दलितको छोरो मन्दिरमा पस्यो भनेर गरेको दुव्र्यवहारबाट पागल बनेको घटनालाई कथामा यसरी व्यक्त गरिएको छ :

> चक्रे स्कुलबाट आउन लाग्याथ्यो रे ! थानको पेटीमा घाइते परेवा देख्यो । परेवा टिपौँ भनेर पेटीमा गयो । परेवा थानभित्र पस्यो । चक्रे पनि थानभित्रै पस्यो । परेवा छटपटाउँदै एक कुनाबाट अर्को कुना जाँदोरैछ । पुजारी बाज्या पनि टुप्लुक्क पुग्या रैछन् । भुलको छोरो थानमा पुग्या देखेर बाँसको लट्ठी टाउकामा हान्या । चक्रे बिहोस भयो । होसमा आउँदा आफ्ना आमा बुवा पनि चिनेन देवीको श्राप लागेर चक्रे पागल भयो भन्या । त्यै झोकमा नैरामेले थानमा गएर मुतिदियो । त्यसपछि गाउँलेहरूले मुद्दा हाल्या नैरामे ६ महिना जेल पर्यो ... नैरामे जेलबाट आएको वर्ष दिनपछि फेरि माओवादी भइगयो । (पृ. १०७–१०८)

देवीको श्राप परेर छोरो पागल भएको भन्ने गाउँलेको कुरा सुनेपछि विच्छिप्तजस्तै बनेको नैरामेलाई ईश्वरप्रति नै अनास्था पैदा भयो । रिसको झोकमा मन्दिरमा पिसाब फेरि दिँदा उसले जेल जानुपर्यो । सार्कीको छोरो मन्दिरमा पसेको कारण पुजारी बाजेले चक्रेको टाउकोमा निर्मम प्रहार गरेका हुनाले बेहोस भएको कुरा लुकाउन यस्तो हल्ला फिजाइएको रहस्य त उसले पछिमात्र थाहा पायो ।

यतिखेर देशमा सशस्त्र द्वन्द्व चलिरहेको थियो । माओवादी पार्टीले जातीय, क्षेत्रीय र लैङ्गिक विभेदको अन्त्य र समानताको नारा अगाडि सारेको थियो । यसको प्रभाव उत्पीडित दलित जातिमा पनि पर्न गयो । दलित भएकै कारण निर्दोश छोराले यस्तो दुर्दसा भोग्नु परेको कुरा नैरामेको हृदयमा शुल भएर गडिएको थियो । माओवादीको जातीय विभेदको अन्त्य र समानताको नाराले नैरामे पनि आकर्षित भयो र सशस्त्र द्वन्द्वमा सामेल हुन पुग्यो । नैरामे माओवादीमा गयो रे भन्ने हल्ला

गाउँभरि फिजियो । अब यसले सारा गाउँ सक्ने भयो भन्ने हल्लाले पुरै गाउँ आतङ्कित भएको थियो । माओवादीले पहिलो पटक गाउँमा बृहत् कार्यक्रम राखेको हुनाले सारा गाउँले जम्मा भएका थिए । गाउँमा हेपिएको, मिचिएको नैरामे भुल पार्टीको नेता नयाराम भुल भएर नयाँ पहिचानका साथ बृहत् सभामा देखियो । उसले माओवादीको जनसभामा बोल्दै जातीय विभेद, प्रतिरोध र समानताको स्वर यसरी अभिव्यक्त गर्यो :

> उपस्थित मेरा प्यारा गाउँल्याहरू तम्रो जाति, धर्म, रीतिरिवाजलाई सम्मान गर्छु । मैले कहिल्यै आफ्नो जात रोज्याको होइन । जन्मन्या बित्तिकै कुन बच्चा कसरी दलित भयो ? कसरी हिन्दु भयो ? त्यो सप्पै क्या बालकको रोजाइ हो ? क्या दोष छ बालकको जीवनमा अपमान सहनु पर्यो ? तम्रो धारा बनाउन्या हाम्ले, ढुङ्गा बोक्न्या हाम्ले, बान्नो हान्ने हामी त्यहाँको पानी तम्रो, खेतबारी हामी जोतन्या अन्न तम्रो ? (पृ. १०५)

उसले भन्दै गयो : यो दुनियाको आयु सकिन लागिसक्यो हामी मान्छे भइकन बाँच्न नपाउन्य ? हामी यै कुराको विरुद्धमा लड्न्या छौँ अन्तिम साससम्म हाम्रो अधिकार नमिले खोस्न्या यस्तो पन हुन्छ ? अब देखिन् यो गाउँमा तल्लो र मुल्लो जात भन्या हुँदैन । हामी कसरी तल्लो र कसरी मुल्लो ? अबको लडाईं हाम्रो रगत र पसिना चुस्न्या सित हो । दिनभरि काम गरिकन छकाल र बास खान लाउन पुग्दैन । दुई सय वर्षसम्म केही नगरी कसरी तिनका नातिले खायो ? (पृ. १०६) ।

निम्नवर्गीय दलित जातिका स्वरहरू प्रस्तुत कथामा मुखरित भएर आएका छन् । कथामा आमाको कोखबाट भर्खरै जन्मदै गरेको बच्चालाई जाति, धर्म, वर्ण र सम्प्रदायको टीका लगाएर सीमाबद्ध गरिने सामाजिक मूल्य, मान्यता र परम्पराको विरोध गरिएको छ । जन्मदै गरेका कुन बच्चा कसरी दलित भयो ? र कुन बच्चा कसरी हिन्दु भयो ? बच्चाको के दोष छ र उसले अपमान सहनु पर्यो भनी विभेदपूर्ण जातीय प्रथाप्रति प्रश्न गर्दै रोष प्रकट गरिएको छ ।

श्रमको उचित मूल्य नपाएर पेटभर खानसमेत नपुग्ने दलितहरूको नियतिलाई कथामा प्रस्तुत गरी श्रम गर्नेले नै श्रमको मूल्य पाउनु पने उद्घोष गरिएको छ ।

दलित भएकै कारण मान्छेको जन्म लिएर पनि मान्छेजस्तो भएर बाँच्न नपाउँने सामाजिक विकृति र विसङ्गतिप्रति आक्रोस व्यक्त गर्दै अबदेखि सानो र ठुलो जात हुँदैन भन्ने उद्घोष कथामा गरिएको छ ।

उत्पीडनमा परेका लाखौँ सीमान्तीकृत जातीहरूलाई भर्‍याङ बनाएर केही व्यक्तिहरू सत्तामा पुगे तर नैरामेजस्ता अधिकाङ्श दलितहरूको अवस्था जस्ताको त्यस्तै रहन पुगेको कुरा एक दिन डुल्दै जाँदा निराशा र निरसपन लिएर भैँसीको छाला तानिरहेको नैरामेलाई देखेपछि म पात्रले तिमी त नेता भैसक्या थ्या ? भनी प्रश्न गर्दा नैरामेले फर्काएका निम्न जवाफबाट स्पष्ट हुन्छ ।

क्या गर्यो काजी यही छ दुनिया अझ पन सर्वहाराका लडन्या मान्छे शासक भइगया । हामी पहिला नैरामै थियौँ, बिचमा नयाँराम भयौँ । तिन्ले हाम्लाई छलेमात्रै । फेरि हामी नैरामे भैगयाउँ । नैरामेले मरेका भैँसीको थुन काटेर फाल्यो दया लाग्दो मुस्कुराहट ओठमा ल्याएर भन्यो अब त गाउँल्या पन मैकन निको मान्दाइनन् (पृ. १०९) ।

सर्वहाराको लागि लड्नेहरू सत्तामा गएपछि सीमान्तमा रहेका दलितहरूका हकहितका लागि गरेका प्रतिबद्धताहरू बिर्सेका र सत्तामा पुग्नका लागि मात्र जातीय, क्षेत्रीय, लैङ्गिक, पहिचान र प्रतिरोधको नारा लगाएर उनीहरूलाई छकाएको हुनाले अहिले पनि जातीय विभेद यथावत् रहेको, दलितहरू गरिबका गरिब र पहिचानविहीन अवस्थामा नै रहेर दमित र अवहेलित भएर बाँच्नु परेको समकालीन यथार्थलाई कथामा प्रस्तुत गरिएको छ ।

## ५. निष्कर्ष

प्रस्तुत अध्ययन 'समकालीन कथामा पहिचानको स्वर' शीर्षकमा केन्द्रित रहेको छ । पहिचानको अवधारणा सांस्कृतिक अध्ययनसँग सम्बन्धित रहेको छ । बेलायतबाट प्रारम्भ भएको सांस्कृतिक अध्ययनले साहित्यिक कृतिमा प्रतिनिधित्व, पहिचान र प्रतिरोधको चेतनाको खोजी गर्दछ । भवानी क्षेत्रीको 'उजेली'सीमान्तीकृत अवस्थामा रहेका नारी

जातिको प्रतिनिधित्व भएको छ । राममणी पोखरेलको 'सजाय' कथामा राजनीति गर्ने महिलाको र विष्टको 'नैरामे' कथामा सीमान्तीकृत दलित जातिको प्रतिनिधित्व भएको छ । सानैमा बाबु आमा गुमाएर धनी इन्द्रबहा ुरका घरमा जुठो भाँडा माझेर जीवनयापन गर्दै आएकी उजेलीले विवाहपूर्व नै बच्चा जन्माएकी हुनाले समाजबाट लान्छित हुनुपरेको कारणबाट महिलालाई मात्र दोषी ठान्ने सामाजिक परम्परा र संस्कृति रहेको देखिन्छ । आफूले गर्भधारण गराई जन्मेको बच्चालाई समेत आफ्नो नाम दिन नसकेर समाजको अगाडि मुख लुकाएर भाग्ने कायर र नामर्द मेरो बच्चाको बाबु बन्न सक्दैन त्यसैले मैले जन्माएको बच्चा मेरो हो र यो बच्चाको पहिलो हक आमाकै हुनुपर्ने र नागरिकता पनि आमाकै नामबाट पाउनुपर्छ भनी उजेलीमार्फत नारी अस्तित्व र पहिचानको स्वर अभिव्यक्त भएको छ ।

पोखरेलको 'सजाय' कथामा महिला सङ्घमा काम गर्ने केही महिलाहरू राज्यका सांसद, मन्त्रीजस्ता उच्च पदमा प्रतिनिधित्व गरेर पहिचान बनाउन समर्थ भएका तर पदमा पुगिसकेपछि महिला हक हितका निम्ति गरेका प्रतिबद्धताहरूलाई बिर्सेर पथभ्रष्ट भई बलात्कारी र हत्याराहरूलाई नै संरक्षण गर्न पुगेका तथ्यहरूलाई प्रस्तुत गरिएको छ । त्यति मात्र नभएर पार्टीका शक्तिशाली नेतासँग अनैतिक सम्बन्ध बढाएर शक्ति र सत्ताको दुरूपयोग गर्ने अनि थोरैमात्र आलोचना गर्ने स्वाभिमानी र सक्षम महिलाहरूलाई कुनै पनि अवसर नदिएर निरुत्साहित गर्ने र सङ्गठनबाटै निक्लन बाध्य बनाउने अवस्थाको प्रतिरोध गरिएको छ । वर्षौंदेखि महिला सङ्घ तथा पार्टीमा कार्यरत स्वाभिमानी पढेलेखेका महिलाहरू पदमा पुगेका महिला नेतृकै दुव्र्यवहार खप्न नसकेर सङ्गठन छाडेका र आफ्नो अस्तित्वका लागि विदेश गएर विद्यावारिधि गरी आफ्नो पहिचान बनाएर स्वदेश फर्की पत्रपत्रिका मार्फत महिला अधिकार सम्बन्धी लेख रचना प्रकाशित गर्ने र अङ्ग्रेजी पुस्तकहरू अनुवाद गरेर जीवनयापन गरेको अभिव्यक्ति कथामा गरिएको छ ।

विष्टको 'नैरामे' जातीय पहिचान बोकेको कथा हो । प्रस्तुत कथामा रातो दिन काम गर्ने सार्की जातिहरूले गरिबी, असमानता, छुवाछुत तथा जातीय भेदभावका कारण भोग्नु परेको पीडालाई प्रस्तुत गरिएको छ । सार्की भएकै कारण बालक छोरो मन्दिरमा पस्दा पुजारीको कुटाइबाट पागल जस्तो बनेको अवस्थामा माओवादीको जातीय समानता र पहिचानको नाराबाट प्रभावित भएर सशस्त्र द्वन्द्वमा सामेल भएको नैरामे भुल नयाराम भुल भएर नयाँ पहिचान बनाएर गाउँमा आयोजित सभामा जातीय विभेदको अन्त्य गर्ने उद्घोष गरेको थियो तर सशस्त्र द्वन्द्वको अन्त्यपछि सर्वहाराको हित गर्दै जातीय भेदभावको अन्त्य गर्छौं भन्नेहरू नै शासक भएपछि हिजो गरेका सबै प्रतिबद्धता बिर्सिएका र सीमान्तीकृत जातिहरूलाई छकाएर भ¥याङमात्र बनाएको हुनाले फेरि नयारामबाट नैरामे भएर पहिचान विहीन बन्न पुगेको समकालीन यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । नेपाली राजनीतिमा नैतिकता, इमान्दारिता स्खलित हुँदै गएको, सर्वहाराको लागि लड्नेहरू सत्तामा गएपछि सीमान्तमा रहेका नारी र दलितहरूका हकहितका लागि गरेका प्रतिबद्धताहरू बिर्सेका र सत्तामा पुग्नका लागि मात्र जातीय, र लैङ्गिक, पहिचान र प्रतिरोधको नारा लगाएका हुनाले अहिले पनि लैङ्गिक र जातीय विभेद यथावत् रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, ज्ञानु (२०७८). "उजेली". समकालीन नेपाली कवितामा पहिचानको स्वर. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरी, अमर (२०७०). "सांस्कृतिक अध्ययनको मूल सिद्धान्तहरू". भृकुटी. १९. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पाण्डेय ताराकान्त (२०७८). माक्र्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र. (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

पोखरेल, राममणि (२०७७). "सजाय". जीवनका पाइला (कथासङ्ग्रह). उदयपुर : सङ्गम सामुदायिक पुस्तकालय ।

भट्टराई, रमेशप्रसाद (२०७७). आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण. काठमाडौँ : भुँडी प्रकाशन ।

विष्ट, ललित (२०७६). "नैरामे". मोहपथ. काठमाडौँ : फिनिक्स बुक्स ।

शर्मा, बिन्दु (२०७४). "भवानी क्षेत्रीको उजेली". समसामयिक प्रगतिवादी कथा. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १६८ ।

सुवेदी, राजेन्द्र (२०७३). सांस्कृतिक अध्ययन र नेपाली साहित्य. काठमाडौँ : पाठ्य सामग्री प्रकाशन ।

Hall, Stuart (1997). *Representation Cultural and Representation and Signified Practises*. London: Poujend.